टोकियो, किता-कु
शिबुसावा एइची परियोजना
प्रचार पात्र:
शिबुसावा-कुन



नगरबासीहरूको पर्वको लागि

2025.10 किता-कु अन्तर्राष्ट्रिय सम्पर्क बुलेटिन

# वैश्विक दृष्टिकोण

ネパール語
Nepal

सम्पादन तथा प्रकाशन : किता-कु,सामान्य प्रशासन विभाग (अन्तर्राष्ट्रिय सम्बन्ध शाखा) ११४-८५० टोकियो, किता-कु, ओउजि होनच्योउ १-१५-२२
TEL.03-3908-9308
FAX.03-3905-3423

## ठेगाना रिवर्तन भएमा आवश्यक प्रक्रिया पूरा गर्नुहोस्।

●●●●●●●●●●●●●●●●●●●●●●

① किता-कुमा बसाईं सरेर आएका व्यक्ति

किता-कु भित्र सरेका व्यक्ति

नजिकको वडा/जिल्ला नागरिक कार्यालयमा, किता-कुमा बस्न थालेपछि १४ दिन भित्र आवश्यक प्रक्रिया गर्नुहोस्।

② किता-कुबाट सर्ने व्यक्ति（किता-कुबाट बसाईं सर्ने ब्यक्ति ）

किता-कु कार्यालयमा आवश्यक प्रक्रिया गरिसकेपछि नयाँ ठेगानाको कार्यालयमा आवश्यक प्रक्रिया गर्नुहोस्।

जापानबाट बाहिरिनेहरूले पनि बाहिरिनु अघि किता-कु कार्यालयमा आवश्यक प्रक्रिया गर्नुहोस्।

③ साथमा लैजानु पर्ने कागजपत्रहरू

- बसोबास अनुमति पत्र वा विशेष स्थायी बासिन्दा प्रमाणपत्र
- माई नम्बर परिचयपत्र （साथमा भएको व्यक्ति ）
- स्थानान्तरण प्रमाणपत्र（किता-कुमा सरेर आएका व्यक्तिहरूका लागि）
- राष्ट्रिय स्वास्थ्य बीमा प्रमाणपत्र（साथमा भएकाहरूका लागि）
- अधिकार प्रत्यायोजन पत्र（अरू कसैले तपाईंको तर्फबाट प्रक्रिया प्रक्रिया गर्दा ）

※थप जानकारीका लागि कृपया वडाको कार्यालयमा सम्पर्क गर्नुहोस्।

◇सम्पर्क :

ओउजी नागरिक सेवा कार्यालय 03-3908-8745
अकाबाने नागरिक सेवा कार्यालय 03-5948-9541
तकिनोगावा नागरिक सेवा कार्यालय 03-3910-0141

## म जापानी भाषा अध्ययन गर्न सक्छु।

●●●●●●●●●●●●●●●●●●●●●●

जापानी भाषा अध्ययनका लागि वेबसाइटहरू परिचय गराउँछु।

「जोडिन्छ फैलिन्छ जापानी भाषा जीवन」मा दैनिक जीवनमा उपयोगी जापानी भाषा कम्प्युटर वा स्मार्टफोनबाट भिडियो हेरेर अध्ययन गर्न सक्नुहुन्छ।

१७ वटा भाषाहरूमा अध्ययन गर्न सक्नुहुन्छ।

थप जानकारीका लागि यहाँबाट ⇒

### ▼किता-कुमा सञ्चालन हुने जापानी भाषा कक्षा



यसबाहेक किता-कुमा जापानी भाषा अध्ययन गर्न सकिने कक्षा पनि उपलब्ध छ।

तपाईं जान चाहनु भएको कक्षामा आफैंले सम्पर्क गर्नुहोस्।

## जोखिमपूर्ण पार्टटाइम कामप्रति सावधान रहनुहोस् ।

●●●●●●●●●●●●●●●●●●●●●●

SNS मार्फत सामान प्राप्त गर्ने पार्टटाइम कामको आवेदन खुलेको छ।

↓

तपाईंको जानकारी दुरुपयोग गरिनेछ।

तपाईंको नाममा स्मार्टफोनको सम्झौता गरिनेछ।

↓

त्यो स्मार्टफोन अपराधमा प्रयोग गरिनेछ।

यस प्रकारका पार्टटाइम कामहरू पूर्ण रूपमा खराब छन्!

◇ सम्पर्क : अकाबाने प्रहरी कार्यालय
03-3903-0110



## ठूला आवाजहरूबाट सावधान रहौं।

●●●●●●●●●●●●●●●●●●●●●●

दैनिक जीवनका आवाजहरूले छिमेकीहरूसँग झगडाको कारण बन्न सक्छन्। संगीत वा टेलिभिजन जस्ता आवाजहरू कम गरौं।
बेलुका वा बिहान सबेरै को समयमा、ठूलो आवाजमा कुराकानि गर्ने、लुगा धोने मेसिन भ्याकुम क्लिनर प्रयोग नगर्नुहोस्। प्र योग नगर्नुहोस्।

◇ सम्पर्क : पर्यावरण विभाग,
पर्यावरण नियमन अनुगमन शाखा
03-3908-8611

टोकियो, किता-कु
शिबुसावा एइची परियोजना
प्रचार पात्र:
शिबुसावा-कुन

नगरबासीहरूको पर्वको लागि लागि

2025.10 किता-कु अन्तर्राष्ट्रिय सम्पर्क बुलेटिन



# वैश्विक दृष्टिकोण

ネパール語
Nepal

सम्पादन तथा प्रकाशन：किता-कु,सामान्य प्रशासन विभाग (अन्तर्राष्ट्रिय सम्बन्ध शाखा) ११४-८५० टोकियो, किता-कु, ओउजि होनच्योउ १-१५-२२

TEL.03-3908-9308

## प्रकोप व्यवस्थापन सम्बन्धी भिडियो

●●●●●●●●●●●●●●●●●●●●●●●

टोकियो मेट्रोपोलिटन "त्सुनागारी सोसेइ" फाउन्डेशनले विदेशीहरूका लागि विपद् व्यवस्थापन सम्बन्धी भिडियो तयार गरेको छ।

भूकम्प र आँधीबाट आफू र आफ्नो महत्वपूर्ण कुराहरू जोगाउने तरिका एनिमेसनमार्फत सिक्न सकिन्छ।

एनिमेसन निम्न भाषाहरूमा हेर्न सकिन्छः हेर्न सकिन्छः (जापानी, अङ्ग्रेजी, चिनियाँ, कोरियाली, भियतनामी, नेपाली, पोर्चुगाली, स्पेनी)

○विवरण

1 भूकम्पको समयमा ध्यान दिनुपर्ने कुरा र तयारी गर्नुपर्ने चीजहरू

2 भूकम्प आउँदा नहिँडीकन रोकिएर बस्नुहोस् ! खानाको जोहो पनि अगाडि नै गरौं !

3 आँधीबेहरी वा ठूलो वर्षाका बेला हुने घटनाहरू र गर्नुपर्ने तयारीहरू

4 आँधीबेहरी वा ठूलो वर्षा हुँदा ध्यान दिनुपर्ने कुराहरू



## NHK WORLD-JAPAN

●●●●●●●●●●●●●●●●●●●●●●●

विदेशी भाषामा समाचार तथा विपद् व्यवस्थापन र दैनिक जीवनसँग सम्बन्धित जानकारी प्रदान गरिँदैछ।

ＱＲकोडबाट
कृपया हेर्नुहोस् ! ⇒

## Life in Tokyo: Your Guide

●●●●●●●●●●●●●●●●●●●●●●●

टोक्यो महानगर सम्पर्क सृजन कोषले 「Life in Tokyo：Your Guide टोक्योमा पहिलो पटक बसोबास गर्ने मानिसहरूका लागि मार्गदर्शन पुस्तिका」 तयार पारेको छ।

जापानमा बसोबास गर्दा आवश्यक पर्ने प्र क्रिया तथा, टोक्योमा जीवनयापनका लागि उपयोगी जानकारीहरू प्रस्तुत गरिंदैछन्।

मार्गदर्शन पुस्तिका निम्न भाषाहरूमा हेर्न सकिन्छ।
(जापानी, अंग्रेजी, चिनियाँ, म्यानमार भाषा, नेपाली, भियतनामी, कोरियाली,
इन्डोनेसियाली, स्पेनी, पोर्चुगाली)

## क्रेडिट कार्डलाई लक्षित गरिएको छ !

●●●●●●●●●●●●●●●●●●●●●●●

इन्टरनेट वा पसलमा किनमेल गर्दा,
कार्ड नम्बर चोरी हुन सक्ने खतरा हुन्छ।
कार्डलाई सुरक्षित रूपमा प्रयोग गर्नका लागि ३ मुख्य बुँदाहरू

① कार्डसम्बन्धी जानकारी अविश्वसनीय साइटहरू वा परिचित व्यक्तिहरूलाई नदिनुहोस्।

② कुनै अनौठो कुरा लागेमा तुरुन्तै प्रयोग गरेको रेकर्ड जाँच गर्नुहोस्।

③ समस्या परेमा तुरुन्तै कार्ड कम्पनी र प्रहरीसँग परामर्श गर्नुहोस्।



त्यसैगरी, आफ्नै बैंक खातालाई बेच्ने मानिसहरू बढ्दैछन्।
बैंक खाता बेच्नु अपराध हो।
कसैगरी पनि यस्तो काम नगर्नुहोस्!

◇सम्पर्क ठेगाना：टोक्यो महानगर प्रहरीको अकाबाने प्रहरी कार्यालय
📞03-3903-0110